# गौमुखी गाँउपालिका आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधि - २०७७

**प्रस्तावनाः** गौमुखी गाउँपालिका एक कृषी प्रधान गाउँपालिकाको रुपमा रहेको भए तापनि भौगोलिक विकटता तथा प्राकृतिक विपदका कारणले यँहाका कृषकहरुमा कृषी प्रति रुची कम हुँदै गएको हुँदा सो अवस्थालाई मध्यनजर गर्दै आकस्मिक रुपमा कृषीमा हुने क्षतीलाई न्यूनीकरण गर्दै कृषकहरुमा कृषी प्रति रुची बढाई कृषी पेशालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधि, २०७७ वनाई लागु गरिएको छ ।

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०१।१३**

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम :-** यस कार्यविधिको नाम गौमुखी गाँउपालिका आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधि, २०७७ रहनेछ ।

२. **प्रारम्भ :-**यो कार्यविधि कार्यपालिकाको निर्णय पछि तुरुन्त लागु हुनेछ । यस कोषबाट आ.व. ०७६।७७ मा भएका सम्पुर्ण कृषी उपजको क्षतिलाई समेट्नेछ ।

## परिच्छेद २
## परिभाषा

३. **विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) **आकस्मिक बाली संरक्षण कोष** भन्नाले :- यस कार्यविधि बमोजिम गौमुखी गाँउपालिकामा स्थापित आकस्मिक बाली संरक्षण कोष बुझाउनेछ ।

(ख) **कार्यविधि** भन्नाले :- गौमुखी गाँउपालिकाको आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधि, २०७७ लाई बुझाउने छ ।

(ग) **गाउँपालिका** भन्नाले :- गौमुखी गाँउपालिकाको कार्यालय, प्युठानलाई बुझाउनेछ ।

(घ) **बाली नास** भन्नाले :- प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपजमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ ।

(ङ) **प्राकृतिक विपद्** भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भू-स्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(च) **गैर प्राकृतिक विपद्** भन्नाले महामारी, अनिकाल, डढेलो, आगलागि, कीट आतङ्क, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति आदिलाई सम्झनु पर्छ ।

(छ) **बाली भन्नाले** :- सम्पूर्ण कृषी उपज (बोट विरुवा प्रजाती एवम् पशुपँक्षी) समेतलाई जनाउनेछ ।

## परिच्छेद ३
## समिति सम्वन्धी व्यवस्था

**४. मुल्याङ्कन समिति :**बाली नाश भएको अवस्थामा सिफारिस समितिलाई क्षतिपूर्ति भएको विवरण सहित राहतका लागी सिफारिस गर्न देहाय वमोजिम मुल्याङ्कन समिति हुने छ।

(क)सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख)सम्बन्धित वडाको वडा समितिले तोकेको एक जना वडा सदस्य –सदस्य

(ग)सम्बन्धित वडा हेर्ने कृषी/पशु प्राविधिक –सदस्य

**५.समितिको काम कर्तव्य र अधिकार:** आकस्मिक बाली संरक्षण कोष मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

(क) प्राकृतिक प्रकोपबाट बाली नास भई पीडित भएकाहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी बाली नास भएको ठाँउमा पुगी स्थलगत मुल्याङ्कन प्रतिवेदन तयार पार्ने।

(ख) बाली नास भएको स्थलगत मुल्याङ्कन प्रतिवेदन वडा कार्यालयको सिफारिसको आधारमा क्षतिपूर्ती निर्धारण गर्नको लागी सिफारिस समितिमा प्रतिवेदन पेस गर्ने।

**६.सिफारिस समिति :- (१)**आकस्मिक बाली संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन, आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक **आकस्मिक बाली संरक्षण कोष सिफारिस समिति** रहनेछ।

क) गाउँपालिका अध्यक्ष (अध्यक्ष)

ग) प्रमुख प्रशासकीय अधिकृत(सदस्य)

ङ) कृषी शाखा प्रमुख (सदस्य सचिव)

**(२)**आवश्यकता परेमा आकस्मिक बाली संरक्षण समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ।

**७.सिफारिस समितिको काम कर्तव्य र अधिकार :- आकस्मिक बाली संरक्षण कोष सिफारिस** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

(क) गाँउपालिका आकस्मिक बाली संरक्षण कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने।

(ख) बाली नास हुनु अगावै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ग) प्राकृतिक प्रकोपबाट बाली नास भई पीडित भएकाहरुको सन्दर्भमा तथ्याङ्क संकलन गरी बाली नास भएको ठाँउमा मुल्याङ्कन तथा सिफारिस गरे बमोजिम राहतको कार्यक्रम समितिले कार्यान्वयन गर्ने।

(घ) मुल्याङ्कन समितिलको बाली नास भएको स्थलगत मुल्याङ्कन प्रतिवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा क्षतिपूर्ती निर्धारण गरी राहत प्रदान गर्ने।

## परिच्छेद ४
## समितिको बैठक

**६.गणपूरक सङ्ख्या :-**

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपूरक सङ्ख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) सिफारिस समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(३) अन्य सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ ।

## परिच्छेद ५
## कोष सम्वन्धी व्यवस्था

**७. आकस्मिक बाली संरक्षण कोषको स्थापना र सञ्चालन :-**

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) गौमुखी गाउँपालिकाबाट वार्षिक रुपमा आकस्मिक बाली संरक्षण कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम ।

(घ) अन्य स्रोत ।

(२) कोषको सञ्चालन : यस कोषको रकम गौमुखी गाँउपालिका आकस्मिक बाली संरक्षण कोष खातामा जम्मा गरी गाउँपालिकाको अन्य आर्थिक कार्यप्रणाली अनुरुप खर्च गरीनेछ ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम आकस्मिक बाली संरक्षण प्रयोजनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइनेछैन ।

(४) लेखा परीक्षण : यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन गौमुखी गाउँपालिकाको अन्य आर्थिक प्रशासन सञ्चालन सरह हुनेछ ।

## परिच्छेद ६
## क्षतिपूर्ति सम्वन्धी व्यवस्था

**८. आकस्मिक बाली संरक्षणको लागि क्षतिपूर्ती निर्धारण :-**

(१) यस गाउँपालिका भित्रका कृषकहरुको बालीमा भएको क्षति वापत क्षतिपूर्ति दिँदा मुल्याङ्कन समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा सिफारिस समितिले देहाय वमोजिम निर्धारण गरी दिनेछ ।

| | |
|---|---|
| (क)दुई हजार देखी पाँच हजार सम्म क्षति भएमा | – दुई हजार |
| (ख) पाँच हजार देखी दश हजार सम्म | – तिन हजार |
| (ग) दश हजार देखी विस हजार सम्म | – पाँच हजार |
| (घ) विस हजार देखी तिस हजार सम्म | – सात हजार |
| (ङ) तिस हजार देखी पचास हजार सम्म | – दश हजार |
| (च) पचास हजार देखी एक लाख सम्म | – विस हजार |
| (छ) एक लाख देखी पाँच लाख सम्म | – चालिस हजार |
| (ज) पाँच लाख देखी दश लाख सम्म | – पचास हजार |

(झ)दश लाख देखी विस लाख सम्म –पचहत्तर हजार

(ञ) विस लाख देखी माथी – एक लाख

(२) क्षतिपूर्ति सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको १५ दिनभित्र प्रहरी सरजिमिन मुचुल्का तथा अनुसुची १ बमोजिमको फाराम भरि आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । तर यो कार्यविधि स्विकृत हुनुभन्दा अगाडी भएका यस आर्थीक वर्षका क्षतिहरुको लागि कम्तिमा २० दिनको सुचना दिई बालीको क्षतिपुर्तीका लागि गाउँपालिकाले आह्वान गर्नेछ ।

तर, रु सात हजार भन्दा कम क्षतिपुर्ती पाउने हकमा प्रहरी सर्जमिन मुचुल्का आवश्यक पर्ने छैन ।

**९.खर्च भुक्तानी** मुल्याङ्कन तथा सिफारिस भई आएको कृषी क्षतिको विवरण/प्रतिवेदनका आधारमा कार्यविधिको दफा ८ बमोजिम रकम सिफारिस समितिको वैठकले निर्णय गरेपछी सोही कोष बाट भुक्तानी गरिने छ ।

## परिच्छेद ७
## विशेष व्यवस्था

**१०. अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :**

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरूको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

**११. संशोधन तथा परिमार्जन सम्वन्धमा :**

(१) गाँउपालिका आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकताअनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

वडा कार्यालयको छाप

अनुसुची-१

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

# कृषि उपज क्षतिको मुल्याँकन फाराम

१.पिडितको नाम थरः

२.पिडितको ठेगानाः वडा नं ...... , गौमुखी गाउँपालिका ।

३.विपदको घटना मितिः

४. क्षति हुने बालीको किसिमः

५. कुल क्षतिको मुल्याँकनः

६.सिफारिश गरिएको रकम(गाउँपालिकाले व्यहोर्नुपर्ने)

७.अन्य खुलाउनुपर्ने विवरणः

सँलग्न कागजातहरुः
१.पिडितको सक्कल निवेदन
२.नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३.आवश्यक फोटोहरु (क्षतिको विवरण खुल्ने गरी)
४. प्रहरी सर्जमिन मुचुल्का (आवश्यकता बमोजिम)
५.मुल्याँकन समितिको निर्णयको प्रतिलिपि

| | | |
|---|---|---|
| ........ | ........ | ........ |
| कृषि/पशु प्राविधिक | वडा सदस्य | वडा अध्यक्ष |